प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली
नेपाल

प.सं.:

च.नं.:

मितिः

# विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमणको सुरुवाती चरणदेखि नै सुदूरपश्चिम प्रदेश सरकारले नेपाल सरकार, स्थानीय तह लगायत विभिन्न संघसंस्थासँगको समन्वय र सहकार्यमा कोभिड-१९ संक्रमण नियन्त्रण, रोकथाम तथा उपचार लगायत व्यवस्थापकीय क्रियाकलापहरुमा जुटिरहेको व्यहोरा आम नागरिकलाई अवगत गराउँदछौं। कोभिड-१९ संक्रमणको दोश्रो लहरका कारण नेपालमा संक्रमितहरुको संख्या दिन प्रतिदिन बढ्दै गईरहेको र हालैका दिनमा नयाँ भेरियन्टको भाइरसको संक्रमण समेत पुष्टि भईसकेको र विभिन्न अध्ययन अनुसार उक्त भाइरस ज्यादै संक्रामक र जोखिमपूर्ण रहेको सन्दर्भमा नेपाल सरकारद्वारा जारी जनस्वास्थ्यका मापदण्डको पूर्ण परिपालना गर्न, घरभित्रै सुरक्षित भई बस्न, आम नागरिकहरुमा हार्दिक अपिल गर्दछ। नेपाल सरकार, स्थानीय तहलगायत सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा दोश्रो लहरको महामारी विरुद्ध जुध्न प्रदेश सरकार निरन्तर प्रयासरत रहेको छ। साथै नेपालमा कोरोना महामारीको सुरुवाती अवस्थादेखि हालसम्म कोभिड-१९ संक्रमणको नियन्त्रण, रोकथाम तथा उपचार सम्बन्धी कार्यका लागि प्रदेश सरकारबाट भए गरेका महत्वपूर्ण कार्यहरु निम्नानुसार रहेको व्यहोरा सबैको जानकारीका लागि अनुरोध गर्दछौं।

१. प्रदेश सरकार (म.प.) को मिति २०७६।१२।११ को निर्णयानुसार कोभिड-१९ को संक्रमण, रोकथाम, जोखिम न्यूनीकरण तथा अन्य आपतकालीन व्यवस्थाका लागि प्रदेशका सबै स्थानीय तह (उपमहानगरपालिकालाई रु. ५ लाख, नगरपालिकालाई रु. ४ लाख र गाउँपालिकालाई रु. ३ लाखका दरले) गरी जम्मा रु. २ करोड ९९ लाख सशर्त अनुदानको रुपमा उपलब्ध गराइएको।

२. प्रदेश सरकार (म.प.) को मिति २०७६।१२।११ को निर्णयानुसार कोभिड-१९ को रोकथाम, जोखिम न्यूनीकरण तथा उपचार, आईसोलेसन अस्पतालको लागि प्रिफ्याव भवन निर्माण र व्यवस्थापन (धनगढी र महाकाली अस्पताल- रु. २ करोड़) सहित अन्य आपतकालीन व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालयलाई रु. ११ करोड ५० लाख निकासा गरिएको।

३. प्रदेश सरकार (म.प.) को मिति २०७६।१२।१५ को निर्णयानुसार सेती प्रादेशिक अस्पताल, धनगढीलाई कोरोना रोगको उपचार गर्ने अस्पतालको रुपमा तोकी सोही अनुरुप कार्य अगाडि बढिरहेको ।

४. प्रदेश सरकार (म.प.) को मिति २०७६।१२।१५ को निर्णयानुसार कोभिड-१९ रोगको जोखिम नियन्त्रण, उपचार तथा अन्य व्यवस्थापनको लागि **"कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष"** स्थापना गरी सो कोषका लागि रु. ४० करोड निकासा गरिएको।

५. प्रदेश सरकार, म.प. को मिति २०७६।१२।२७ को निर्णयानुसार प्रदेशभित्रका श्रमिक वर्ग तथा असहायका लागि राहत उपलब्ध गराउनका लागि **कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार**

टेलिफोन : ०९१५२२५९८, ०९१५२३९५७, ०९१५२७२३२, ०९१५२५५७२, ०९१५२५९६१, ०९१५२३६८५, ०९१५२५३४३, फ्याक्स : ०९१५२५३४३, टोल फ्री नं.: १६६०९१५२२७२
Website: www.p7ocmcm.gov.np

तथा व्यवस्थापन कोषबाट प्रदेशभित्रका ८८ वटै स्थानीय तहमा रु. १५ करोड २६ लाख सशर्त अनुदान उपलब्ध गराइएको ।

६. प्रदेश सरकार (म.प.) को मिति २०७६।१२।२७ को निर्णयानुसार कोरोना संक्रमणको संकट नियन्त्रण, उपचार तथा समन्वय र उक्त कार्यमा खटिने कर्मचारी, सुरक्षाकर्मीका लागि व्यक्तिगत सुरक्षा सामग्री र आवश्यक व्यवस्थापनमा प्रयोग हुने सामग्री समेतको व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेश पृतना हेडक्वाटर दिपायल, सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय दिपायल, सशस्त्र प्रहरी वल वैद्यनाथ वाहिनी अत्तरिया कैलाली, प्रत्येकलाई रु. १५ लाखका दरले र राष्ट्रिय अनुसन्धान विभाग, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढीलाई रु. १० लाख साथै प्रदेशभित्रका ९ वटै जिल्ला प्रशासन कार्यालयलाई रु. ५ लाखका दरले जम्मा रु. १ करोड रकम **कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोषबाट** उपलब्ध गराइएको।

७. प्रदेश सरकार (म.प.) को मिति २०७७।१।२४ को निर्णयानुसार कोभिड-१९ भाइरसको महामारीबाट बच्न सुदूरपश्चिम प्रदेशभर राष्ट्रिय तथा स्थानीय भाषामा जनचेतामूलक सन्देश/सामग्री सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका जनस्वास्थ्य विज्ञको समन्वयमा उत्पादन गरी ९ वटै जिल्लास्थित एफ.एम., रेडियो, टि.भि. र पत्रपत्रिकाबाट प्रभावकारी रुपमा प्रकाशन तथा प्रशारण गर्ने गराउने र सोको मासिक तथा कार्यसम्पन्न प्रतिवेदन आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई उपलब्ध गराउने गरी नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश समितिलाई रु. ३४ लाख ५५ हजार आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत अनुदान उपलब्ध गराइएको ।

८. प्रदेश सरकार (म.प.) को मिति २०७७।१।२४ को निर्णयानुसार सुदूरपश्चिम प्रदेश **कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा संचालन) निर्देशिका, २०७६ को दफा १४ बमोजिम गठित अनुगमन समितिले अनुगमन गर्दाको ईन्धन तथा खाजाको लागि खर्च गर्न सक्ने गरी प्रत्येक जिल्ला समन्वय समितिलाई रु. १ लाख ५० हजार**का दरले आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत निकासा दिइएको।

९. प्रदेश सरकार (म.प.) को २०७७।२।२३ को निर्णयानुसार स्थानीय तहहरुमा आईसोलेसन व्यवस्थापनका लागि **कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोषबाट** प्रदेशभित्रका ८८ वटै स्थानीय तहहरुमा रु. ६ करोड २५ हजार सशर्त अनुदान उपलब्ध गराइएको ।

१०.प्रदेश सरकार (म.प.) को मिति २०७७।२।२१ को निर्णयानुसार नेपाल सरकारले जारी गरेको बन्दाबन्दीको समयमा नेपाल भारतबीच भएको अनौपचारिक नाका तथा खुल्ला सीमानाबाट नेपाल प्रवेश गरी अलपत्र परेका नेपालीहरुलाई व्यवस्थापन गर्नका लागि जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरलाई रु. १० लाख निकासा प्रदान गरिएको ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली
नेपाल

प.सं.:
च.नं.:

मितिः

११.प्रदेश सरकार (म.प.) को मिति २०७७।३।२१ को निर्णयानुसार कैलाली र कञ्चनपुर जिल्लाका विभिन्न स्थानमा अलपत्र परेका नागरिकलाई बझाङ्ग, बाजुरा, डोटी र अछाम जिल्लाका विभिन्न स्थानमा पुऱ्याउने कार्यका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत यातायात व्यवस्था कार्यालय कैलालीलाई रु. ६ लाख ५१ हजार ९ सय ७५ मात्र निकासा प्रदान गरिएको ।

१२.प्रदेश सरकार (म.प.) को मिति २०७७।३।२५ को निर्णयानुसार मिति २०७६।१२।११ गतेका दिन लकडाउनका कारण सीमा नाकामा रोकिएका यात्रुहरुलाई प्रदेशका विभिन्न स्थानमा पुऱ्याउँदाको यात्रु भाडा वापत रु. १ लाख ८२ हजार १ सय ८५ मात्र आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत धनगढी उपमहानगरपालिकाको कार्यालय, धनगढीलाई उपलब्ध गराइएको।

१३.प्रदेश सरकार (म.प.) को मिति २०७७।०६।२२ को निर्णयानुसार **कोरोना भाइरस रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०७७** स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय, निकाय र स्थानीय तहमा पठाईएको ।

१४.प्रदेश सरकार (म.प.) को मिति २०७७।८।२३ को निर्णयानुसार कोभिड-१९ रोगको नियन्त्रण तथा व्यवस्थापन, संक्रमितको उपचारका लागि रेम्डेसिभिर खरिद (६० लाख), सेती प्रादेशिक अस्पताल, टिकापुर अस्पताल र डोटी अस्पताललाई शववाहन खरिद (रु. ३५ लाख), सेती प्रादेशिक र डोटी अस्पताललाई भेन्टिलेटर सहितको क्लास "ए" एम्बुलेन्स खरिद (१. करोड २० लाख), सेती प्रादेशिक अस्पताल (कोभिड अस्पताल), महाकाली अस्पताल, टिकापुर अस्पताल, अछाम, बझाङ्ग, डोटी, बैतडी र दार्चुला अस्पतालमा मिनी अक्सिजन प्लान्ट स्थापना (रु. ६ करोड ४० लाख), सेती प्रादेशिक अस्पताल अन्तर्गत थप ५० शैयाको कोभिड अस्थायी अस्पताल (प्रिफ्याव भवन) निर्माण (रु. २ करोड ३१ लाख ६ हजार ९ सय ३० पैसा १९) लगायतको कार्य सञ्चालन गर्न सामाजिक विकास मन्त्रालयलाई रु. १४ करोड ९३ लाख २५ हजार १ सय ६४ रुपैयाँ ५७ पैसा रकम प्रदान सम्बन्धी प्रस्ताव स्वीकृत गरिएको ।

१५.प्रदेश सरकार (म.प.) को मिति २०७८।१।१९ को निर्णयानुसार आर्थिक मामिला मन्त्रालय मार्फत **"कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष"** मा रु. **१५ करोड** निकासा दिइएको ।

(विश्वदीप बेस्रा)
उपसचिव एवं प्रवक्ता

मितिः- २०७८।०२।१० गते

टेलिफोन : ०९१५२२५९८, ०९१५२३९५७, ०९१५२७२३२, ०९१५२५५७२, ०९१५२५९६१, ०९१५२३६८५, ०९१५२५३४३, फ्याक्स : ०९१५२५३४३, टोल फ्री नं.: १६६०९१५२२७२
Website: www.p7ocmcm.gov.np